# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७३।०८।०७ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

-------------------------------------------------------------

सशस्त्र प्रहरी वल नेपालका अवकाश प्राप्त पूर्व सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक ऋषभदेव भट्टराईले सार्वजनिक सेवामा प्रवेश गरे पश्चात मिति २०६९ श्रावण मसान्तसम्मको जाँच अवधिमा आफ्नो तथा आफ्नो परिवारका सदस्यहरुको नाममा खरिद एवं लगानी गरेको चल अचल सम्पत्तिका सम्वन्धमा छानविन, अनुसन्धान, तहकिकात एवं बिश्लेषण गरी हेर्दा निजले आर्जन गरेको वैध आयको तुलनामा **रू.१,९१,३६,८८१।४५ (एक करोड एकान्नब्बे लाख छत्तीस हजार आठ सय एकासी रूपैयाँ पैंतालीस पैसा)** बराबरको सम्पत्तीको स्रोत नखुलेको पाइएबाट निजको सम्पत्ति विवरण अमिल्दो र अस्वभाविक देखिन आयो। निजले वैध स्रोतबाट आर्जन गरेको पुष्टी हुन नसकेको देखिएको **रू.१,९१,३६,८८१।४५ (एक करोड एकान्नब्बे लाख छत्तीस हजार आठ सय एकासी रूपैयाँ पैंतालीस पैसा)** गैर कानूनी रुपमा आर्जन गरेको आधारमा साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निजलाई विगो **रू.१,९१,३६,८८१।४५ (एक करोड एकान्नब्बे लाख छत्तीस हजार आठ सय एकासी रूपैयाँ पैंतालीस पैसा)** कायम गरी साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १५, दफा १६ ग तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २० को उपदफा (२) बमोजिम विगो बमोजिम जरीवाना र कैद सजाय हुनका साथै निज नेपाल सरकारको विशिष्ट श्रेणी वा सो सरहका पदाधिकारी भएकोले साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १४ क र प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २४ बमोजिम थप सजाय समेत गरी पाउनका साथै श्रोत पुष्टि गर्न नसकी गैरकानूनी रुपमा आर्जन गरेको देखिएको **रू.१,९१,३६,८८१।४५ (एक करोड एकान्नब्बे लाख छत्तीस हजार आठ सय एकासी रूपैयाँ पैंतालीस पैसा)** साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १६ग, दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) र ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा २९ख बमोजिम जफत समेत हुन आज सम्मानित विशेष अदालत, काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ।

(गणेश राज कार्की)
सह-सचिव एवं प्रवक्ता